अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र


खण्डः ८ संख्या:१७ कार्यपालिका स्वीकृत मिति:२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७


## भाग-२

## बर्दिवास नगरपालिका

# पकेट सञ्चालन कार्यविधि,२०८२

**प्रस्तावना :**

बर्दिवास नगरपालिका क्षेत्र भित्र स्थान र बाली विशेषको आधारमा कृषि प्रणाली विकास गरी कृषि व्यवसायिकता र उद्यमशिलता प्रर्वद्धन गर्न स्थानिय गर्न स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) बमोजिम यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त, नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम “पकेट विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२” रहनेछ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

## २. परिभाषा :

(क)“कार्यपालिका” भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।
(ख)“नगरपालिका” भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ ।
(ग)“पकेट” भन्नाले बालिवस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संस्थाको न्यूनतम आधार पूरा गरेको साना व्यवसायिक उत्पादन केन्द्र सम्झन पर्दछ ।
(घ) “शाखा” भन्नाले बर्दिवास नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ ।
(ङ)“लक्षित वर्ग” भन्नाले कृषक, कृषि उद्यमि/फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

## पीरच्छेद -२
## पकेट घोषणा विधि

### ३. पकेट घोषणा :

१) कृषि शाखाले पकेट घोषणा गर्न उपयुक्त हुने सम्भावित स्थान र बालिहरुको प्रारम्भिक सूची तयार गर्नुपर्नेछ ।
२) पकेट घोषणाको न्यूनतम मापदण्ड अनुसूची-१ बमोजिम हुनेछ ।
३) पकेट घोषणाको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) कृषि शाखा प्रमुख | सदस्य |
| (ग) शाखाको कृषि प्राविधिक | सदस्य सचिव |

कृषि क्षेत्रको अनुभव भएको तथा कृषि विषयमा कम्तिमा स्नातक गरेको व्यक्तिलाई आमन्त्रित गर्न सकिनेछ ।

४) सिफारिस समितिले देहाय बमोजिम काम गर्नुपर्नेछ :

क) सम्भावित स्थानको स्थलगत निरीक्षण गर्ने,

ख) माटोको उर्वराशक्ति, भौगोलिक तथा प्राविधिक सम्भाव्यता अध्ययन गर्ने,

ग) वडा कार्यालयसंगको समन्वयमा सम्बन्धित स्थानको कृषकहरु, कृषि उद्यमीहरु, कृषक समूह तथा कृषि सहकारी संग वृहत छलफल गर्ने,

घ) प्रतिवेदन तयार गर्ने ,

ङ) पकेट घोषणाको लागि सिफारिस गर्ने ।

५) सिफारिस समितिको सिफारिसको आधारमा कार्यपालिकाले पकेट घोषणा गर्न सक्नेछ ।

## परिच्छेद-३

## पकेट कार्यक्रम कार्यान्वयन प्रक्रिया

### ४. प्रस्ताव आहवान :

१) पकेट कार्यक्रम कार्यान्वयनको लागि कार्यालयले कम्तिमा १५(पन्ध्र) दिनको समयावधि दिई प्रस्ताव संकलन गर्नेछ ।

२) लक्षित वर्गले पकेट कार्यक्रमको लागि आवश्यक सामाग्री, कार्यक्रम, पूर्वाधार सहितको माग वा प्रस्ताव पेश गर्नुपर्नेछ ।

### ५.मूल्यांकन, छनौट तथा सम्झौता

१) प्रस्ताव मूल्यांकनको लागि देहाय बमोजिमको एक मूल्यांकन समिति रहनेछ :

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) आर्थिक विकास समिति संयोजक | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

मूल्यांकन समितिले विषय विज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

२) मूल्यांकनको विधि मूल्यांकन समिति आफैले निर्धारण गर्नेछ ।

३) मूल्यांकन गर्दा आर्थिक रुपले विपन्न तथा गरिबहरुलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

४) मूल्यांकन समितिले अनुदानको किसिम, सञ्चालन हुने कार्यक्रम,छनौट हुने लक्षित वर्ग सहितको विषयहरु समावेश गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

५) मूल्यांकन समितिले छनौट गरेको लक्षित वर्गसंग कार्यालयको सम्झौता गर्नेछ ।

६) सम्झौता भएको लक्षित वर्गसंग अनुसूची -२ बमोजिम **क्रियाकलापको सूचि र संचालन विधि** केही वा सबै कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## परिच्छेद -४

## विविध

### ६. अनुगमन :

१) पकेट विकास कार्यक्रम प्रभावकारी बनाउन तथा अनुगमन गरी पृष्ठपोषण गर्न नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित अनुगमन गर्नुपर्नेछ ।

२) अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

## ७. अनुदान रकम भुक्तानी

१) अनुदान रकम भक्तानी सम्झौता बमोजिम हुनेछ । शाखाले स्थलगत निरीक्षण गरी तयार गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।

२) अनुदान रकम बैङ्क खातामा मात्र भुक्तानी गरिनेछ ।

## ८. अनुदान रकमको सिमा

१) यस कार्यक्रम अन्तर्गतको अनुदान रकमको सिमा वार्षिक कार्यक्रममा आधारित भई ६० देखि १०० प्रतिशत सम्म हुनेछ ।

## ९. अनुदानको सदुपयोग

१) अनुदानमा प्राप्त हुने सामाग्रीहरु लक्षित वर्गले सामूहिक रुपमा प्रयोग गर्नुपर्नेछ ।

२) सामानहरु विग्रीएमा आफै मर्मत सम्भार गरी सञ्चालन गर्नुपर्नेछ,

३) अनुदान सामाग्रीहरुको दुरुपयोग गरेको पाइएमा कानून बमोजिम कारबाही हुनेछ ।

## १०. विशेष व्यवस्था :

१) आर्थिक रुपले विपन्न, गरिब, दलित तथा पिछडिएका व्यक्तिहरु नछुटुन भनी कार्यालयले त्यस्ता व्यक्तिहरुको कृषक समूह गठन गरी प्रस्ताव पेश गर्न लगाउन सक्नेछ ।

## ११. व्याख्या गर्ने अधिकार :

१) यस कार्यविधिमा कुनै द्धिविधा भएमा कार्यपालिकाले व्याख्या गरी बाधा अड्कन फुकाउन सकिनेृछ ।

**अनुसूचि-१**
**दफा ३ को उपदफा २ सँग सम्बन्धित**
**पकेट कार्यक्रम संचालनको न्यूनतम आधारहरु**

| बाली/बस्तु | इकाई | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| खाध्यन्न बाली | विघा | १५ | |
| तरकारी बाली | विघा | ७.५ | |
| फलफुल | विघा | १० | |
| च्याउ | केजी | ७०० | |
| द्यलहन | विघा | ३ | |
| तेलहन | विघा | ३ | |
| मौरी | घार | १०० | |

अनुसूचि-२

दफा ५को उपदफा ६ सँग सम्बन्धित

क्रियाकलापको सूचि र संचालन विधि

| क.स. | क्रियाकलापहरु | कार्यक्रम संचालन प्रक्रिया |
|---|---|---|
| १ | स्थलगत तालिम | -सहभागी छनौट<br>-प्रशिक्षक तथा सामाग्री व्यवस्थापन<br>-तालिम संचालन |
| २ | पकेट संचालनमा प्रयोग हुने औजार उपकरण वितरण | -आवश्यता पहिचान<br>-सम्झौता<br>-खरीद र वितरण |
| ३ | बीउ,वेर्ना,जैविक एवं रसायनिक विषादी,प्रांगारिक मल खरिदमा अनुदान | -अनुदानग्राही छनौट<br>-स्रोत केन्द्रको पहिचान-<br>-खरिद व्यवस्थापन<br>-वितरण<br>-नियमित अनुगमन तथा प्रतिवेदन |
| ४ | प्रयोगशाला सेवा | -नमुना संकलन<br>-माटो परिक्षण तथा बालि रोग शिविर<br>-विषादी खरिद |
| ५ | पूर्वाधार निर्माण | -आवश्यकता पहिचान<br>-सम्झौता<br>-निर्माण कार्य |
| ६ | प्रस्तावमा आधारित अन्य माग बमोजिमका कार्यक्रमहरु | |
| | | |

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत